# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ४१ २०८० चैत ०४ आइतबार




## सम्पादकीय

# डढेलोबाट बच्न पूर्वतयारी गरौं

चैत बैशाखसँगै सुख्खा मौसम शुरु भएको छ। धेरै गर्मी हुने र बोटविरुवाका पुराना पातहरु झर्ने भएकाले जंगलमा स्याउला सोत्तर पनि धेरै समय हो यो। यस्तो बेलामा डढेलोको सम्भावना धेरै हुने भएकाले सचेतता अपनाउनु पर्दछ। हावाहुरी पनि तीव्र गतिमा चल्ने भएकाले चैत बैशाखमा आगलागी हुने सम्भावना पनि त्यत्तिकै बढी हुने गर्दछ।

प्राकृतिक प्रकोप कसैको नियन्त्रणमा नभए पनि आगलागी र डढेलो जस्ता विपद् मानवीय त्रुटि र सानो लापरवाहीले हुने गर्दछन्। त्यस्ता त्रुटिहरु सच्याउने हो भने आगलागी तथा डढेलो जस्ता घटनाहरुमा न्यूनीकरण गर्न सकिन्छ। यस्तो बेला ननिभाइकन फालेको चुरोटका ठुटाहरु, वनभोजको क्रममा बालिएका आगोबाट हावाहुरीका कारण वन डढेलो लाग्न सक्छ। कतिपय ठाउँमा बर्षायाममा घाँस राम्रोसँग पलाउने, बाटो हिड्दा डर लाग्दो झाडी देखिएकै कारण तथा दाउराको अभाव पुर्ति गर्नको लागि पनि वन जंगलमा जानाजान डढेलो लगाउने गरिन्छ। यस्तो कार्यलाई पूर्णतः नियन्त्रण गर्नुपर्दछ।

डढेलोले वातावरणमा समेत प्रतिकूल असर पार्छ। डढेलोले जलवायु परिवर्तनमा ठूलो अवसर पुर्‍याइरहेको छ भने अर्कोतिर वन्यजन्तु, पशुपन्छीको नाश गर्दछ। त्यसले पारिस्थितिक प्रणालीमा पनि ठूलो असर पुर्‍याइरहेको हुन्छ। सुख्खा याममा हुनसक्ने आगलागीबाट बच्न स्थानीय तहले पूर्वतयारी गर्नुपर्दछ। डढेलो लाग्न नदिन सचेतना फैलाउने र आगलागी भइहालेमा त्यसलाई नियन्त्रण गर्न आवश्यक सामग्री, जनशक्तिको बेलैमा व्यवस्थापन गर्नुपर्दछ। यसतर्फ सबैले ध्यान दिन जरुरी छ।


**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमेमा मनाइयो अन्तर्राष्ट्रिय महिला दिवस




❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मंगलबार विभिन्न कार्यक्रम गरि मनाइएको छ। हिजो मार्च ८ तारिखका दिन विभिन्न सचेतनामूलक कार्यक्रम **महिलामा लगानीः सभ्य र समुन्नत समाजको थालनी** भन्ने राष्ट्रिय नारासहित ११४ औं अन्तर्राष्ट्रिय महिला दिवस सफलतापूर्वक मनाइएको हो।

महिला मुक्ति आन्दोलनकी अभियन्ता जर्मनीकी क्लारा जेट्किनले सन् १९११ मार्च ८ मा महिला कामदारमाथि भएको श्रम शोषणविरुद्ध आवाज उठाएकी थिइन्। सोही दिनको स्मरणमा भूमे गाउँपालिकाको कार्यालय खाबाङ बगरमा भूमे गाउँपालिकाको आयोजना र विभिन्न संघ संस्थासँग साझेदारी दिवस मनाइएको हो।

कार्यक्रमको शुभकामना मन्तव्य दिदै भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले नेपालको संविधानले नै महिलाका लागि ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेपछि अहिले विभिन्न कामहरुमा महिलाहरुको सक्रियता बढ्दै गएको छ। पहिलाको समय महिलाले घरको काममा मात्र सीमित हुनुपर्ने थियो भने तर अहिले महिलाको क्षेत्रमा परिवर्तन भएको छ। अधिकांश महिलाहरु पढे लेखेका छन्, महिला अधिकारका सम्बन्धमा जाने बुझेका छन्, कुनै पनि कुरामा

उनीहरू कोहीभन्दा कम नहुने अवस्था सिर्जना हुँदै गएको छ। आत्मनिर्भर भएर आत्मसम्मान साथ बाँचेका महिलाहरुको सम्मान गर्न सिक्नु र उनीहरुको खेदो खन्नुभन्दा हौसला दिनु जरुरी रहेको बताउनु भयो।

लैंगिक समानता हासिल गर्न महिला तथा बालिकाको सुरक्षा र सामाजिक संरक्षणको पूर्ण प्रत्याभूतिका साथै सभ्य र न्यायपूर्ण समाज निर्माण गर्न, महिलाका अधिकार र सशक्तिकरणका सवालमा आवाज बुलन्द गर्न सधैं लागि परिरहने कार्यक्रममा सभा अध्यक्ष तथा भूमे गाउँपालिका उपाध्यक्ष सबिना बुढा मगरले बताउनु भयो।

उक्त दिवसलाई सफल बनाउनको लागि गाउँपालिकाभित्र रहेका ९ वटै वडाका आमा समूह, महिला उद्यमी समूह, महिला सहकारी, क्लब, टोल विकास संस्था तथा महिलाको क्षेत्रमा कार्य गर्ने सबै संघ/संस्था एवं सम्पूर्णलाई विभिन्न विधामा रहेका प्रतियोगितामा सक्रिय सहभागिताका रहेको थियो। सामुहिक लोकगीत प्रतियोगिता, **"महिलामा लगानीः सभ्य र समुन्नत समाजको थालनी"** भन्ने शीर्षकमा वकतृत्वकला प्रतियोगिता र महिला रसी तान्ने प्रतियोगिता पनी सञ्चालन भएको थियो।

जसमा वक्तृत्वकला प्रतियोगितामा भूमे ५ की बिसनमाया विश्वकर्मा प्रथम, भूमे ५ की दुर्गा बिक द्वितीय, भूमे ६ महतकी शान्ति बुढा तृतीय र भूमे २ काँक्रीकी आस्था सुनार सान्त्वना हुनुभएको छ।

विजेताले क्रमशः ४ हजार, ३ हजार, २ हजार र १ हजारसहित प्रमाणपत्र प्राप्त गरेका छन् भने लोकदोहोरी प्रतियोगितामा युद्ध स्मारिका महिला समूह भूमे ६ महत प्रथम, समृद्धि महिला सहकारी समुह भूमे ३ सिमा द्वितीय, चेतनशील स्वास्थ्य आमा समूह भूमे ५ सेराबाङ तृतीय र जनशक्ति मावि भूमे ४ काँडा सान्त्वना भएका छन्। विजेता टोलीलाई क्रमशः ८ हजार, ६ हजार, ४ हजार र ३ हजार रुपैंयासहित प्रमाणपत्र हात पारेका हुन्। त्यस्तै रस्साकसी प्रतियोगितमा सृजनशील महिला समूह भूमे ३ क्याङ्सीले १५ हजार बराबरको खसी पुरस्कार पाएको बताइएको छ।

भूमे गाउँपालिकाको परिसरमा भएको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस कार्यक्रमको प्रमुख आतिथ्यता भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठको रहेको थियो भने विशेष आतिथ्यता प्रमुख प्रशासकीय अधिकृत देवीलाल विकको रहेको थियो। त्यस्तै कार्यक्रममा भूमे गाउँपालिकाका विभिन्न वडाका अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, विभिन्न शाखाका कर्मचारीहरु, स्थानीय अगुवा, संघ संस्थाका प्रतिनिधिलगायतको आतिथ्यता रहेको कार्यक्रमको स्वागत मन्तव्य सर्वाङ्गिनी विकास केन्द्रका सामाजिक परिचालक उषा छिनालले राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन सहकर्मी समाजका फिल्ड सुपरभाइजर रञ्जना विकले गर्नुभएको थियो।

# गोर्खा वेलफेयर ट्रष्टलाई सम्मान



❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिकाले गोर्खा वेलफेयर ट्रष्ट नेपाललाई सम्मान गरेको छ। गाउँपालिकाका विभिन्न ठाउँमा स्वच्छ तथा शुद्ध खानेपानीका निर्माणमा गरेको कामको प्रशंसा गर्दै सम्मान गरिएको हो।

ट्रष्टको आर्थिक तथा प्राविधिक सहायतामा सञ्चालित उत्थानशील खानेपानी सरसफाई तथा विपद् तयारी कार्यक्रम अन्तर्गत स्वच्छ खानेपानीको शुद्धतामा खानेपानी स्वच्छताका लागि चालिएका कदम स्वागतयोग्य रहेको भन्दै गाउँपालिकाले मायाको चिनोसहित सम्मान गरेको छ। उत्थानशील खानेपानी सरसफाई तथा विपद् तयारी कार्यक्रमअन्तर्गत भूमे गाउँपालिकाको विभिन्न वडामा स्वच्छ खानेपानी तथा सरसफाइको पहुँच स्थापित गरी जनचेतना वृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

संस्थाले गाउँपालिकामा खानेपानी व्यवस्थापनमा विशिष्ट भूमिका खेलेको हुँदा आफूहरुलाई निकै खुसी लागेको भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भयो। उहाँले ट्रष्टले आगामी दिनहरुमा समेत थप प्रभावकारी सेवा, सहयोग र योगदान गर्ने अपेक्षा गरेको भन्दै उहाँले स्थानीय सरकारको विकास निर्माण अभियानमा संस्थाले इट्टा थपेको बताउनु भयो।

# मध्यपहाडी लोकमार्गको रानीकोट खण्ड स्तरोन्नति

❖ बालाराम शेर्पाली



**रुकुम पूर्व ।** मध्यपहाडी लोकमार्गअन्तर्गत रुकुम पूर्वको रानीकोट सडकखण्ड स्तरोन्नतिको काम सुरु हुने भएको छ। त्यसका लागि सडक स्तरोन्नतिको काम नसकिदासम्म दिनमा केही घण्टा बन्द गर्ने तयारी गरिएको छ। जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वका प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्माको उपस्थितिमा बसेको बैठकले यस्तो निर्णय गरेको हो।

रानीकोट सडकखण्डको स्तरोन्नतिको काम सुरु हुने भएपछि नेपाल विद्युत प्राधिकरणको केन्द्रीय प्रसारण लाइन र नेपाल टेलिकम फाइबर नेटको तार व्यवस्थापन तथा सवारी साधन सञ्चालन गर्ने समय निर्धारण गरिएको छ। जसअन्तर्गत विहान ९:३० बजेसम्म मध्यपहाडी राजमार्ग अन्तर्गत पर्ने रानीकोट सडकखण्ड खुल्ला रहने बताइएको छ। त्यस्तै विहान ९:३० बजेबाट दिउँसो १२:३० बजेसम्म बन्द, दिउँसो १२:३० बाट दिउँसो २ बजेसम्म खुला र दिउँसो २ देखि साँझ ७ बजेसम्म उक्त सडकखण्ड बन्द हुने बैठकले निर्णय गरेको छ। यो प्रक्रिया चैत्र ५ गतेदेखि सडक खण्ड स्तरोन्नतिको काम पूरा नहुन्जेल चलिरहने बताइएको छ। सडकखण्ड स्तरोन्नतिको काम पूरा नहुन्जेलसम्म रुकुम पूर्वदेखि रुकुम पश्चिम जाने सवारी साधन धावन्ने बजार, नाथिगार हुँदै जानुपर्ने जिल्ला ट्राफिक प्रहरी कार्यालय रुकुम पूर्वका कार्यालय प्रमुख सन्दिप विकले जानकारी दिनुभयो। त्यस्तै सडकको छेउछाउमा विद्युतको पोल पनि रहेकाले केन्द्रीय प्रसारण लाइनको व्यवस्थापन गर्नुपर्ने भएकाले नेपाल विद्युत प्राधिकरणको केन्द्रीय प्रसारण लाइन बिहान ९ बजेदेखि अपरान्ह ४ बजेसम्म केही दिन अबरुद्ध हुने बताइएको छ।

बैठकमा रुकुम पूर्वका सरकारी कार्यालयहरु जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र, नेपाल टेलिकम लगायत सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, यातायात व्यवसायी एवं पत्रकारहरुको सहभागिता रहेको थियो।

# बाख्रा र कालिज पालनबाट राम्रो आम्दानी



❖ बालाराम शेर्पाली

रुकुम पूर्व । रुकुम पूर्व । भूमे गाउँपालिका वडा नम्बर ९ चुनबाङका एक युवाले बाख्रा पालनबाट राम्रो आम्दानी गरेका छन्। रोजगारीको खोजीमा दिनानुदिन युवा बिदेशीरहेको अवस्थामा भूमे गाउँपालिका वडा नं ९ चुनबाङका ३० वर्षीय पदम बहादुर पुनले यतिखेर युवा बाख्रा पालनमा लागेका छन्। पुन अहिले नयाँ शैली र आधुनिक प्रविधिलाई पछ्याउँदै बाख्रा पालनमा लागेका छन्। लुम्मा बहुउद्देश्यीय कृषि फर्ममा वोयर बाख्रा पालन गरेका छन्।

विदेश जानलाई बनाएको हरियो पासपोर्ट बनाएका पदम त्यसलाई दराजमा थन्काएर अहिले गाउँमै बोयर माउ बाख्रा पालेर राम्रो आम्दानी गरेका छन्। शुरुमा ५ वटा माउ बाख्रा पालन सुरु गरेका उनले अहिले ५० वटा बाख्रा बनाइसकेका छन्।

“हाम्रो घरमा पहिलेदेखि नै बाख्रा पालिन्थ्यो। बोयर बाख्रा लोकलभन्दा छिटो बढ्ने र तौल पनि बढी हुने भएकाले राम्रो आम्दानी हुने रहेछ। सुरुमा कस्तो हुँदो रहेछ भनेर एक ढेड वर्ष हेरेँ राम्रो हुँदै गएपछि हौसला मिलेको छ। विगत ४ बर्षयता बाख्रा पालन फर्म दर्ता गरेको बाख्रापालन गरिरहेको छु। सानो लगानीबाट सुरु गरेको ब्यबसायले अहिले महिनामा लगभग ३५



हजारभन्दा बढी आम्दानी हुने गरेको पुन बताउँछन्। पुनको खोरमा अहिले साना ठूला गरी ८० भन्दा बढी बाख्रा रहेका छन्। अर्काको देशमा दुःख गर्नुभन्दा आफ्नै गाउँ ठाउँमा पशुपालन, खेतीपाती गरेर बस्दा धेरै आनन्द र सन्तुष्टि मिलेको पदम बताउँछन्।

**बाख्रा पालनसँगै कालिज पनि**

४ बर्षअघिदेखि पदमले बाँकेको खजुराबाट साना ३ सय सुनौलो विदेशी प्रजातिको कालिजको बच्चा लिएर पालन गरिरहेका छन्। बाख्रा र कालिज पालनमा व्यस्त उनलाई दशैं तिहार कहिले आउँछ भन्ने पनि पत्तो नहुने बताउँछन्। बिहान उठ्नेबित्तिकै जङ्गलतिर बाख्राको लागि स्याउला सोत्तर ल्याउन जान्छु। बाख्रा र कालिज हेर्न नै ठिक्क हुन्छ। अहिले कालिजको माग बजारमा धेरै रहेको छ।

जग्गामा घेराबन्दी गरेर कालिज पालन गर्दै आएका पुन स्थानीय सरकारले पशुपन्छी पालक किसानहरुलाई आधुनिक प्रविधिका यन्त्र, औषधी उपचार, उत्पादित वस्तुको बजार व्यवस्थापनमा सहयोग गरे धेरै सहज हुने बताउँछन्।

कालिजको चल्ला एक बर्षभन्दा बढी पालेपछि बल्ल बेच्नलायक हुने र प्रति कालिज २ हजारभन्दा बढीमा बिक्री हुने गरेको उनी बताउँछन्। उनको फर्मबाट उत्पादित कालिजको माग जिल्लाभर हुने गरेको छ। कालिज बिक्री गर्न योग्य बनाउन धेरै समय लाग्ने र उत्पादन पनि कम हुने भएकाले मूल्य महँगो पर्न जाने उनको भनाइ छ। मेहनत गरे गाउँघरकै माटोमा मनग्य आम्दानी गर्न सकिने पदमले सन्देश दिएका छन्।

# एउटा बेग्लै विद्यालय !



तिलक गौतम

**प्रत्येक कोठा बाहिर जुत्ता राख्ने र्‍याक देखिए। र्‍याकभरि जुत्ता चप्पल मिलाएर राखिएका छन्। शिक्षक होस् वा विद्यार्थी, जुत्ता खोलेर मात्रै भित्र पस्ने संहिता अब संस्कार बनिसकेछ।**

गत पुस १९ गते सहकर्मी महेश चन्द र शिक्षक हरिबहादुर थापालाई लिएर म चुनबाङ हिँडें। रुकुम पूर्व जिल्लाको भूमे गाउँपालिका वडा नम्बर ९ मा पर्ने चुनबाङ तत्कालीन अवस्थामा एउटा छुट्टै गाविसको रुपमा रहेको र सदरमुकामबाट अलि टाढा छुट्टै भौगोलिक अवस्थितिमा विकट क्षेत्रको रुपमा रहेको छ।

भर्खरै ट्र्याक खोलेको बाटोबाट पहरा, भिर र भञ्ज्याङ कटेर जानुपर्ने भएकोले होर्दिङ र नौ बहिनीको लेकतिरबाट चुनबाङ आवागमन त्यति सजिलो छैन। करिब २ घण्टाको हैरानीपूर्ण र जोखिमयुक्त बाइक यात्रापछि बाटैमा पर्ने लाखर खोलास्थित आधारभूत विद्यालय दुवाचौरमा पुगियो। त्यहाँका प्रअले गेट खोल्दा पौने १२ बजेको हुँदो हो। लुगाको धुलो टकटक्याउँदै हामी विद्यालय प्रवेश गर्यौं।

स-साना होचा ४ वटा घर। ३ वटा ढुङ्गाले छाएका र एउटा जस्तावाला परियोजना भवन। घर पुराना भए पनि पोतपात गरिएका, सफा र चिटिक्क छन्। भवनको अलाइनमेन्ट एउटै रेखा वा सर्कलमा छैन। पहाडी भिरालो जमिनमा काल्ना तलमाथि भौगोलिक स्वरुप मिल्दो गरी ती निर्माण गरिएका छन्।

चौरमा केही विद्यार्थी परीक्षा दिदैछन्। परीक्षाभन्दा पनि दुई दिन पछिबाट सुरु हुने टर्मिनल परीक्षाको तयारीका लागि गरिएको एक प्रकारको अभ्यास रहेछ त्यो। चौरमा कहीकतै कागजका टुक्रा, प्लास्टिक वा अन्य केही फोहोर छैन। नवनिर्मित गेट र तारजालीको घेरावारसहित सफा चौर आफैमा चिटिक्क छ।

भित्र कक्षाकोठामा पठनपाठन चलिरहेको छ। स-साना कोठा सफा र चिटिक्क छन्। भित्तैभरि शैक्षिक सामग्री टाँसिएका वा झुण्डाइएका छन्। साइडमा किताबहरू चाँचिएका देखिन्छन्। शिक्षकहरू सबै ड्रेसमा छन् र विद्यार्थीहरूको टोपी समेत एउटै छ। जाडो मौसम भएर होला प्रत्येक विद्यार्थीले एउटै जात र रङको ट्र्याकशुट र उनको टोपी लगाएका छन्।

कोठामा पस्नेवित्तिकै विद्यार्थीहरू 'गुड आफ्टरनून सर' भन्दै कलात्मक रुपमा कराए। मैले पनि गुड आफ्टरनुन भनें। तर विद्यार्थी बसेनन्। खडा रुपमा उभिइरहे। खासमा 'बस' भनेपछि मात्रै तिनीहरू 'थ्याङ्क्यू सर' भन्दै बस्दा रहेछन्। विद्यार्थीको यो अनुशासन पद्धतिमा कुनै बनावटीपन छैन। यो पद्धति स्वस्फूर्त रुपमा विद्यार्थीमाझ चलिरहेको छ।

प्रत्येक कोठा बाहिर जुत्ता राख्ने ऱ्याक देखिए। ऱ्याकभरि जुत्ता चप्पल मिलाएर राखिएका छन्। शिक्षक होस् वा विद्यार्थी, जुत्ता खोलेर मात्रै भित्र पस्ने संहिता अब संस्कार बनिसकेछ।

कक्षा हेर्दै गर्दा बीचमा भान्साकोठा रहेछ। भान्साकोठा घरकै जस्तो चिटिक्क पारिएको छ। पोतेर सफा र स्वच्छ देखिने। दाउरा र अरु सामान मिलाएर राखिएको छ। थाल, बटुका, चम्चा, पकाउने भाँडाकुडा सबै सफा गरी मिलाइएका छन्। हरिया तरकारी, साग, धनिया, प्याज र आलु आफ्नै करेसावारीबाट ल्याइएका रे। एउटा कुकरमा दाल पाकेको छ। एउटा भाँडामा चामल भिजाइएको छ। भान्सामा काम गर्ने एक जना महिला एउटा कुकरमा हरियो तरकारी भुट्दैछिन्। सबै मिलाएर खिचडी पकाउने आजको मेनु रहेछ। पकाई हेर्दा खाउँ खाउँ लाग्ने। स्वादिलो, पोषिलो र सफा खाजा, एक प्रकारले मुखै रसायो।

धाराहरू सबै बालमैत्री रहेछन्। पछिल्लो गेट बाहिर पनि धारा बनाइएको छ, त्यो धारा गाउँलेहरूले समेत प्रयोग गर्दा रहेछन्। शौचालय त्यस्तै सफा र सुग्घर।

बीच भागमा एउटा प्रतीक्षालय छ, स्थानीय स्रोतसाधनबाट अभिभावकको सहजताका लागि बनाइएको। प्रतिक्षालय सफा र फराकिलो छ। अलि पर कुनामा अफिस कोठा नजिकै चिप्लेटी लगायत बाह्य खेल सामग्री छन्। तिनका कारण पनि विद्यालय प्राङ्गण अझ सुन्दर देखियो।

प्रअसँगै हामी कार्यालय कक्षमा छियौं। प्रत्येक शिक्षकका लागि छुट्टाछुट्टै टेबल-कुर्सी छन्। सहयोगीका लागि पनि छ। कक्ष भित्र थुप्रै आवश्यकीय सामग्री छन् र तिनलाई व्यवस्थित रुपमा मिलाइएको छ। हरेक चिज व्यवस्थित र आकर्षक देखिन्छन्। भित्ताभरि विभिन्न ग्राफ, चार्ट र सूचनामूलक सामग्री सजिएका छन्।

कक्षा १ लाई ध्यानमा राखी बाल विकास कक्षा दुई वर्षे बनाइएको रहेछ। दुई वटै समूहमा विद्यार्थी

धेरै छन्। कक्षा ५ सम्मको विद्यालयमा एक राहतसहित चार शिक्षक दरबन्दी, एक बालविकास अनुदान, एक गाउँपालिका अनुदान, एक सहयोगी र एक भान्सेको कोटा रहेछन्। प्रत्येक शिक्षक कर्मचारी आफ्नो काममा दत्तचित्त भई लागि रहेका।

बच्चाहरूको सिकाइ उपलब्धि पनि प्रभावकारी देखियो। तल हाईस्कुल भएको गैरीगाउँ बजार क्षेत्रबाट समेत केही विद्यार्थी आउँदा रहेछन्। कक्षा कोठामा मनिटर व्यवस्था पनि देखियो।

विद्यालय कम्पाउण्डसँगैको करिब एक रोपनी जग्गा भाडामा लिइएको रहेछ। बारीभरि मौसमी तरकारी छ। शिक्षक विद्यार्थी आफैंले काम गरी करेसाबारी हराभरा बनाएका छन्।

दिवा खाजामा अधिकांश समय बारीको उत्पादन प्रयोग हुँदो रहेछ। भूमे गाउँपालिकाले त्यहाँभित्रका सबै विद्यालयलाई मारिङ नामक सहकारीबाट खाजाको सामग्री लैजाने व्यवस्था गरेको छ, तर यो विद्यालयले करेसाबारीको बलमा धेरै सामग्री आफैं व्यवस्थापन गर्दो रहेछ।

कार्यालयमा यसो हेरफेर गर्दैगर्दा करिब हाफ टाइमको बेला भयो। शिक्षकहरू कक्षामै थिए। प्रअले आफैं सबैलाई बोलाए। सहयोगी पनि पढाउँदा रहेछन्। केहीबेर अन्तरक्रिया भयो। शिक्षकहरू सबैमा उत्साह र आत्मसन्तुष्टि देखिन्थ्यो। आपसमा सामूहिक भावना पनि उत्तिकै रहेछ।

विद्यालय समुदाय सम्बन्ध कस्तो होला? मलाई जिज्ञासा लाग्यो। यो विषय पनि प्रअले प्रस्ट्याइहाले। करेसाबारीका लागि प्रत्येक घरले वर्षमा दुई पटक एक डोका मल ल्याइदिँदा रहेछन्। र, खाजा पकाउन प्रतिघर १ भारी दाउरा स्वस्फूर्त रुपमा आउँदो रहेछ। यति भएपछि विद्यालय समुदाय सम्बन्ध बारे थप कोट्याइरहनु परेन। विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकहरूसँग भने भेटघाट/छलफल हुन पाएन, भेट भएको भए सायद केही नयाँ कुरो थपिन्थ्यो कि?

'विद्यालयमा यति विघ्न काम हुँदो रहेछ, समय कसरी मिलाउनु हुन्छ?' महेशजीले प्रश्न गरे। उनको प्रश्न खस्न नपाउँदै प्रअले वेली विस्तार सुरु गरे।

अफिसभित्रका कामका लागि उनी आवश्यकता बमोजिम बिहान ४ बजे अफिस आउँदा रहेछन्। ६ बजेसम्ममा काम तमाम। करेसाबारीमा भने शिक्षकहरू सबै खट्दा रहेछन्। ऐन मौकामा भने अलि ठूला विद्यार्थीहरूलाई पनि प्रयोग गरिदो रहेछ। विद्यालयप्रतिको प्रअको मोह र लगाव अतुलनीय र अनुकरणीय देखियो।

विद्यालयका थुप्रै समस्या पनि होलान्। कतिपय समस्या हामी आफैंले देख्न पायौं। भवनहरू पुराना छन्, कक्षा कोठाहरू साँघुरा छन्। खेलमैदान सानो छ। आफ्नै करेसाबारी छैन। शिक्षक सङ्ख्या प्रयास छैन। आवश्यकीय बजेटको प्रबन्ध छैन। तर यी समस्याहरूमा बहाना देखाउने प्रयत्न शिक्षकहरूले गरेनन्। शिक्षकहरूको मेहनत र लगाव अनि समुदायको विश्वास र सार्थक आडका कारण विद्यालय जीवन्त र गतिशील देखियो।

मैले महावीर पुनको आत्मकथा 'महावीर पुनः सम्झना, सपना र अविरल यात्रा' सँगै लिएर गएको थिएँ। त्यही पुस्तक विद्यालयलाई सप्रेम भेट गरें। प्रअ मानबहादुर विष्ट र अन्य सबै टिमले कृतज्ञता व्यक्त गरे। उनीहरूको आतिथ्यभाव पनि निश्वार्थ र स्वच्छ लाग्यो। मह र कागती हालेको रसिलो पानी पिउँदै मैले विद्यालयको थप विकास र प्रभावकारिताका लागि जाने बुझेका सुझावहरू प्रस्तुत गरें। साथीहरूले पनि थपथाप गरे। सामुदायिक विद्यालयहरूको समग्र स्थिति खस्किरहेको भनिएको यो अवस्थामा आवि दुवाचौरको साक्षात्कारले मन प्रफुल्लित मात्रै भएन, एउटा जीवन्त विद्यालयमा पाइला टेकेको सुखानुभूति पनि भयो।

'गरे नहुने के छ र?' मैले साथीहरूलाई इसारा गरें। हामीलाई अन्यत्र जान ढिला भैसकेको थियो। सम्झनाका लागि २/४ वटा फोटो खिचिवरी हामी गैरीगाउँका लागि रमाना भयौं। यो एउटा बेग्लै खालको विद्यालयले मथिङ्गल भने हल्लाइरहेको थियो।

# भूमेमा मानसिक स्वास्थ्य शिविर हुने

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिकाबासी नागरिकको मानसिक स्वास्थ्य अवस्थाबारे जानकारी लिने र सेवा दिने उद्धेश्यले दुई दिने मानसिक स्वास्थ्य शिविर सञ्चालन गरिने भएको छ।

युएमएन रुकुम पूर्व क्लस्टर र नेपाल जनजागरण मञ्च रुकुम पूर्वको साझेदारीमा यही चैत १४ र १५ गते सामुदायिक रुपान्तरण परियोजना अभिमुखीकरण तथा मानसिक स्वास्थ्य सम्बन्धी शिविर सञ्चालन हुने भएको हो।

भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठको अध्यक्षता र स्वास्थ्य कार्यालय रुकुम पूर्व, जिल्ला अस्पताल रुकुम पूर्व र स्थानीय सरोकारवालाहरुको उपस्थितिमा भएको बैठकमा शिविर सञ्चालनबारे छलफल गरिएको नेपाल जनजागरण मञ्च रुकुम पूर्वका प्रमुख मोहन खड्काले जानकारी दिनुभयो।

सामुदायिक रुपान्तरण अभिमुखीकरणमा संस्थाको कार्यक्षेत्रभित्रका सबै नागरिकलाई बोलाएर गरिएको कार्यक्रमम संस्थाले गर्दै आएका कामहरुको बारेमा समेत जानकारी गराइएको खड्काले जानकारी दिनुभयो।

लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. सङ्घीय संसद्को महासचिवमा कसलाई नियुक्त गरियो ?**

≅ पद्मप्रसाद पाण्डेय (विसं २०८० माघ २३)

**२. राष्ट्रिय महिला उद्यमी सम्मेलन कहिले र कहाँ सम्पन्न भयो ?**

≅ विसं २०८० फागुन ४ र ५, भैरहवा

**३. नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय शतक बनाउने महिला क्रिकेटर को हुनुहुन्छ ?**

≅ रुबिना क्षेत्री बेल्बासे (सन् २०२४ फेब्रुअरीमा मलेसियामा आयोजित एसिसी प्रिमियर कपमा ११८ रनको शतकीय इनिङ्स खेलेर पूर्वकप्तान रुबिना क्षेत्री बेलबासेले नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय शतक बनाउने रेकर्ड आफ्नो नाममा राख्नुभएको छ। माल्दिभ्सविरुद्ध २१४ रनको विशाल अन्तरको जित निकाल्दा रुबिनाले सो रेकर्ड कायम गर्नुभएको हो। रुबिना नेपालका लागि अन्तर्राष्ट्रिय टी-२० खेलको एकै खेलमा सर्वाधिक चौका र छक्का प्रहार गर्ने क्रिकेटरसमेत बन्नुभएको छ। सो खेलमा नेपालको महिला टोलीको अन्तर्राष्ट्रिय टी-२० फर्म्याटमा सर्वाधिक ठुलो २२७-४ को योगफलको रेकर्ड पनि कायम भएको छ।

**४. सरुभक्त राष्ट्रिय बालप्रतिभा पुरस्कार-२०८० कसलाई प्रदान गरियो ?**

≅ सुप्रिम मल्ल (नगद ५० हजार रुपियाँ र सम्मानपत्र)

**५. विसं २०८० माघ २९ मा सार्वजनिक नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार गरिबीको रेखामुनि रहेको जनसङ्ख्या कति रहेको छ ?**

≅ २०.२७ प्रतिशत

**६. पर्यटन प्रवर्धन गर्ने उद्देश्यका साथ गण्डकी प्रदेश सरकारले पहिलो पटक मन्त्रिपरिषद्को कार्यालयभन्दा बाहिर कहाँ मन्त्रिपरिषद्को बैठक आयोजना ग¥यो ?**

≅ पञ्चकोट (बागलुङ) २०८० माघ २९ मा सर्वसिद्धिधाम पञ्चकोटमा मन्त्रिपरिषद् बैठक बसेको छ।

**७. पाकिस्तानको नयाँ प्रधानमन्त्रीमा को निर्वाचित भएका छन् ?**

≅ सहवाज सरिफ (पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) का नेता सहवाज दोस्रो कार्यकालका लागि निर्वाचित भएका हुन्।)

**८. अलि मियाँ लोक वाङ्मय पुरस्कार-२०८० कसलाई प्रदान गरियो ?**

≅ नारायण रायमाझी (पुरस्कार राशिः रु. ५० हजार)

**९. नेपालको पहिलो कमलरीमुक्त घोषित जिल्ला कुन हो ?**

≅ दाङ

**१०. संयुक्त राष्ट्रसङ्घीय कृषि तथा खाद्य सङ्गठन (एफएओ) ले बालीको रोग पत्ता लगाउन सञ्चालनमा ल्याएको एप्स कुन हो ?**

≅ टेलिप्लान्ट डाक्टर (सन् २०२४ फेब्रुअरी)

**११. तनहुँका अन्तिम राजा हरकुमारदत्त सेन हुन् भने पाल्पाका अन्तिम राजा को हुन् ?**

≅ पृथ्वीपाल सेन

***संकलनः टङ्क केसी, गोरखापत्रबाट***

# के हो खोरेत रोग ? कसरी नियन्त्रण गर्ने ?



**नारायण ओली**

**परिचयः** खोरेत रोग (FMD) खुर पाटेका पशुहरुमा लाग्ने एक प्रकारको संक्रामक, सरुवा भाइरल रोग हो। जसले खुर फेटेका पशुहरुलाई गाई, भैंसी, भेडा, बाख्रा र सुँगुर लगायत जंगली जनावरहरु हात्ति, मृग, बदेल, आदिलाई असर गर्ने गर्छ। यो नेपालको पशुपालन व्यवसायका लागि गम्भीर खतरनाक रोग हो, जसले हाम्रो व्यवसायमा ठूलो आर्थिक नोक्सानी निम्त्याउँछ।

**कारक तत्वः** FMD रोग Picornaviridae परिवारको Aptho भाइरसका कारणले विशेष खुर फाटेका जनावरहरुमा आसर गर्छ। यसका सात वटा फरक सेरोटाइपहरू छन् (A, O, C, Asia १, SAT १, SAT २, र SAT ३), र सबै अत्यधिक संक्रामक र खतरनाक छन्। नेपालमा चार वटा सेरोटाइपहरु (A, O, C, Asia १) देखिन्छन्। नेपालका विभिन्न स्थानमा वर्षेनी फेलिने र धेरै असर गर्ने सेरोटाइप O हो । यसले आर्थिक रुपमा ठूलो नोक्सानी भए पनि मृत्युदर धेरै हुँदैन तर साना पशुमा भने ५ देखि १० प्रतिशत हुन सक्छ।

**लक्षणहरूः** FMD रोगले संक्रमित जनावरहरूमा विभिन्न खालका लक्षणहरु देखा पर्ने गर्दछन्। जुन भाइरसका सेरोटाइपका आधारमा शारीरिक संकेतहरूको देखिने गर्दछन्। जस्तैः ज्वरो आउने, भोक नलाग्ने, अत्यधिक ऱ्याल कार्ने, ओठ तथा जिब्रोमा गिर्खाहरु आउने र पछि फुटेर घाउ हुने, खुरमा फोकाहरू आउने र काक्ने, हिडडुल गर्न नसक्ने, लङ्गडापन हुने, मुखको घाउका कारण दानापानीहरु खान कठिनाइ हुने, साना उमेरका पशुहरु धेरै प्रभावित हुने आदि। कहिलेकाही उपचार गर्दा रेविज रोग

र यसको लक्षणहरु उस्तै हुने हुदा प्राविधिकहरु झुक्किन सक्ने सम्भावना अत्यधिक हुने गर्दछ।

**निदानः** FMD रोगको निदान मुख्यतया ग्रामीण स्तरमा लक्षणका आधारमा चिन्न सकिन्छ। यस भाइरसको विशिष्ट सेरोटाइप पहिचान गर्नका लागि प्रयोगशाला परीक्षण गर्न सकिन्छ। पशुचिकित्सक तथा प्राविधिकहरूले परीक्षणको लागि आवश्यक पर्ने नमूनाको लागि छाला, रगत वा मुखको तरल पदार्थबाट सङ्कलन गर्न सक्छन्।

**उपचारः** FMD रोग भाइरसका कारणले गर्दा लाग्ने भएको हुनाले यसको कुनै निश्चित उपचार भने छैन। लक्षणहरूका आधारमा उपचार गरेर निको बनाउने सम्भावनालाई सुधार गरी संक्रमित जनावरहरूलाई सहायक हेरचाह प्रदान गर्नु पर्दछ। यसमा दुखाइ कम गर्ने औषधीहरु प्रयोग गर्ने, मुखको घाउको लागि बोरेक्स एसिड वा एलम प्रयोग गर्ने, खुट्टा घाउको लागि पोटास वा पोविडिन वा टिन्चर आयोडिनले सफा गरेर हिम्याक्स वा चर्मिल वा बेरिम्याक्स वा कोमाजको प्रयोग गर्ने, घाउ सुकाउनका लागि पेनिसिलिन ग्रुपका एन्टिबायोटिक प्रयोग गर्ने, ज्वरो कम गर्नका लागि मेलोक्सिक्यम वा पारासिटामोल प्रयोग गर्ने र अन्य औषधीहरु आवश्यक्ताका आधारमा प्रयोग गर्न सकिन्छ। किसान दाजुभाइ तथा दिदीबहिनीहरुले यो पनि याद राख्न जरुरी छ कि उग्राउने पशुहरुलाई मुखबाट एन्टिबायोटिक कहिले पनि खुवाउनु हुँदैन किनभने यसले रुमेनमा भएका राम्रा किटानुलाइ मारिदिन्छ र उग्राउन सक्दैनन् त्यसपछि पशुको मृत्यको कारण बन्न सक्छ।

**रोकथामः**

- खोप कार्यक्रम गर्नेः FMD रोगको प्रकोप रोक्न सबैभन्दा प्रभावकारी तरिका भनेको खोप कार्यक्रम सञ्चालन गर्ने हो। नेपालमा राष्ट्रिय खोरेत रोग नियन्त्रण कार्यक्रम अनुसार जिल्ला तथा स्थानीय तहले प्रत्येक छ/छ महिनाको फरकमा खोप कार्यक्रम सञ्चालन हुने गर्दछ। अभियान हुने समयमा किसानहरु चनाखो भएर आफ्ना पशुलाई खोप लगाउनु पर्दछ तर पशुधनको जनसंख्याको आधारमा उच्चतम खोपको कभरेज कायम राख्नु महत्त्वपूर्ण मानिन्छ।
- पशु ओसारपसार गर्न प्रतिबन्ध गर्नेः प्रकोपको समयमा जनावरहरूलाई आवत जावत गर्न पूर्ण प्रतिबन्ध गर्नुपर्छ र प्राविधिक तथा किसान पनि उच्च सजकताका साथ आवतजावत गर्नुपर्छ।
- क्वारेन्टाइनः पशुहरुलाई एक स्थानबाट अर्को स्थानमा लैजादा नियमअनुसार क्वारेन्टाइनमा राख्ने वा चेकजाच गरेर रोग नभएको निश्चित गरेर मात्र लैजानुपर्छ।
- आइसोलेसन गर्नेः संक्रमित पशुहरुलाई निश्चित स्थानमा राखेर रोग नफैलिने तरिकाले उपचार गर्नुपर्छ।
- जैविक सुरक्षाका उपायहरु अपनाउनेः भाइरसलाई फैलिन नदिन फार्म वा भकारोमा जैविक सुरक्षा उपायहरू अपनाउनु पर्छ। जस्तै नियमित सरसफाइ गर्ने, किटनाशक विषादीद्वारा फार्म निर्मलीकरण गर्ने, दानापानीलाई निश्चित स्थानमा भण्डारण गर्ने गर्नुपर्दछ।

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष : ०८०।०८१
सूचना नं.: ३१

**सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन हुने सम्बन्धि सूचना !**

**(सूचना प्रकाशन मिति : २०८०/१२/०२)**

भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०८०/०८१ को पहिलो चौमासिक अवधिमा सम्पादन भए/ गरेका विभिन्न योजना तथा कार्यक्रमहरु एवम् सेवा प्रवाहको समग्र अवस्थाको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले उक्त कार्यक्रममा सम्पूर्ण राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधि, जनप्रतिनिधि, कर्मचारी, शिक्षक, बुद्धिजिवी, पत्रकार, संघ-संस्थाका प्रमुख तथा प्रतिनिधि एवम् सम्पूर्ण गाउँपालिकाबासी बुवाआमा, दाजुभाई तथा दिदीबहिनीहरुमा गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**तपसिल :**

**मिति : २०८० साल चैत्र ९ गते शुक्रबार**

**समय : बिहान ११:०० बजे**

**स्थान : भूमे गाउँपालिका वडा नं. ८ कोर्जा भुल्टी।**

(देविलाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल। सम्पर्क फोन नं. +९७७-९७६२५२७११०, ९७६२५२७१११
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(रोजगार सेवा केन्द्र)

खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१
च.नं.: ९४९

मिति: २०८०/१२/०२

**श्री वडा कार्यालय सबै ,**
**भूमे गाउँपालिका , रुकुम (पूर्व)।**

**विषयः** संकलित बेरोजगार व्यक्तिहरुको निवेदन पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.ब. २०८१/८२ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न हुनको लागि बेरोजगार व्यक्तिले निवेदन दिने समयसीमा **फागुन ३० गते** सम्म रहेको अवगत नै छ । सो समयावधि भित्र संकलित निवेदनहरुलाई रोजगार सेवा केन्द्रले **चैत ३० गते** भित्र **EMIS (रोजगार व्यवस्थापन सूचना प्रणाली)**मा प्रविष्ट गरिसक्नु पर्ने प्रावधान रहेको हुनाले आवश्यक कागजात सहित नियमानुसार वडा कार्यालयमा पेश भएका निवेदनहरुलाई **बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६** को बुँदा नं. ४ बमोजिम प्रारम्भिक छानविन गरी तयार पारेको बेरोजगार ठहर हुन मापदण्ड पूरा गर्ने व्यक्तिहरुको निवेदनलाई तपसिल बमोजिमको प्रक्रिया पूरा गरी निवेदन सहितको सूचीलाई वडा समितिबाट निर्णय गराई वडा अध्यक्षको सिफारिस सहित संकलित निवेदनलाई प्रमाणित गरेर यथाशिघ्र रोजगार सेवा केन्द्रमा उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

**तपशिल**

- निवेदकले तोकिएको समयभित्र आवेदन फारममा भएका सबै विवरण भरी हस्ताक्षर सहित निवेदन पेश भएको नभएको एकिन गर्ने ।
- आवश्यक विवरण र कागजात पुरा गरी प्राप्त भएका निवेदनलाई वडा कार्यालयले दर्ता गर्नु पर्नेछ ।
- संकलित निवेदनको वडा कार्यालयले प्रारम्भिक छानविन गरी बेरोजगार ठहर हुन आवश्यक मापदण्ड पुरा गर्ने व्यक्तिहरुको सुची तयार गर्नु पर्नेछ ।
- प्रारम्भिक छानविनका क्रममा निवेदकबाट फाराममा उल्लेख भए बमोजिमको सम्पूर्ण विवरण प्राप्त भएको नपाइएमा वा प्राप्त विवरणहरु अपूर्ण भएमा वा निवेदक बेरोजगार भए/नभएको जानकारी स्पष्ट हुन नसकेमा वडा कार्यालयले निवेदकबाट आवश्यक थप विवरणहरु माग गर्न सक्नेछ ।
- थप विवरण माग गर्दा समेत सम्बन्धित व्यक्तिले सबै विवरणहरु उपलब्ध नगराएमा वडा कार्यालयले निजको निवेदनलाई अपूर्ण भएको मानी सो उपर कुनै कारवाही अघि नबढाउन सक्नेछ ।
- अपूर्ण वा कारवाही रोकिएको निवेदनका सम्बन्धमा सम्बन्धित वडाले सार्वजनिक सूचना प्रकाशन गरी वा सम्बन्धित व्यक्तिलाई सम्पर्क गरी जानकारी दिनुपर्नेछ ।

नोट: निवेदन पेश गर्न ढिलासुस्ती गरि **EMIS** मा प्रविष्ट हुनछुटेमा रोजगार सेवा केन्द्र जवाफदेही हुने छैन ।

.............................
देविलाल वि. क.
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

"श्रमको सम्मान-राष्ट्रको अभियान"

खावाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९७६२५२७११०, ९७६२५२७१११, ९८०१३३२३८३
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, pmepbhume@gmail.com,वेबसाइट:www.bhumemun.gov.np